# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १२४ | काठमाडौं | शुक्रबार, १० भदौ २०७९ | Prabhab National Daily, | Friday, Aug 26, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


चुनावी सरगर्मी बढ्दो

# एमालेले बनायो उम्मेदवार छनोटको मापदण्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिँदै गर्दा दलहरुले तयारीलाई तीव्र बनाएका छन् । आगामी मंसिर ४ गते एकैचरणमा प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन हुँदै छ ।

यसैबीच प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आगामी निर्वाचनका लागि उम्मेदवार छनोट गर्न मापदण्ड तय गरेको छ । ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालयमा बिहीबार बसेको दोस्रो पोलिटब्युरो बैठकले आज शुक्रबार र भोलि शनिबार बस्ने केन्द्रीय कमिटीको बैठकका लागि तय गरेका ११ वटा एजेण्डामा आगामी निर्वाचनका लागि उम्मेदवार छनोट गर्ने प्रक्रिया र मापदण्ड समेटिएको पार्टीका प्रचार तथा प्रकाशन विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

उनले केन्द्रीय कमिटी बैठकमा ती उम्मेदवार छनोट गर्ने प्रक्रिया र मापदण्ड प्रस्तुत गरेर पारित गर्ने बताए । 'निर्वाचनको उम्मेदवार छनोट प्रक्रियाको मापदण्डका बारेमा सचिवालय, स्थायी र पोलिटब्युरो बैठकमासमेत छलफल भइसकेको छ र ती बैठकबाट पारित गरिएको छ,' उनले भने, 'शुक्रबारदेखि बस्ने केन्द्रीय बैठकमा आवश्यक संशोधनसहित उम्मेदवारको मापदण्ड पारित गर्छौं र चुनावको तयारीमा अगाडि बढ्छौं ।'

गुरुङका अनुसार एमालेले निर्वाचनका लागि उम्मेदवार छनोट गर्न चार वटा मापदण्ड बनाएको छ । जसमा पहिलो पार्टी, नीति र सिद्धान्तप्रतिको प्रतिबद्धता, दोस्रो कुनै पनि नेताले पार्टीले सञ्चालन गरेको आन्दोलनमा दिएको योगदान र पार्टीप्रतिको निष्ठा, तेस्रो लोकप्रियता र विजयको सुनिश्चितता तथा चौथो मापदण्ड संविधानअनुरुप सन्तुलन, समावेशीको सिद्धान्तलाई आधार मानेर उम्मेदवार चयन गरिने उल्लेख छ ।

आज (शुक्रबार)को बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको लिखित राजनीतिक प्रतिवेदन केन्द्रीय कमिटी बैठकमा पेस हुनेसमेत उनले जानकारी दिए । त्यसमाथि समूहगतरूपमा छलफल भएर (बाँकी पृष्ठ ५ मा)

## सिट बाँडफाडमा आ–आफ्नो दाबी

**काठमाडौं (प्रस)–** पाँच दलीय सत्तारुढ गठबन्धनका दलहरुले चुनावी तालमेलका लागि आ–आफ्नो दाबी पेस गरेका छन् । गठबन्धनको कार्यदलसहित शीर्ष नेताहरुको बिहीबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकमा दलहरुले सिट संख्या दाबी गरेका हुन् ।

बैठकमा कार्यदलका तर्फबाट नेपाली कांग्रेसले १००, नेकपा माओवादी केन्द्रले ६०, नेकपा एकीकृत समाजवादीले ४०, जनता समाजवादी पार्टी नेपालले ३२ र राष्ट्रिय जनमोर्चाले दुई सिटमा दाबी गरेको जनमोर्चाका सचिव हिमलाल पुरीले जानकारी दिए ।

आगामी निर्वाचनमा चुनावी तालमेल गरेका पाँच दल सिट बाँडफाड गर्नका लागि निरन्तर छलफलमा रहेका छन् । बिहीबार कार्यदलमा रहेका सबै दलले आ–आफ्नो दाबी गरेका हुन् । आज शुक्रबार अपराह्न ४ बजे बस्ने गठबन्धनको बैठकमा यसबारेमा विस्तृत छलफल गरी शीर्ष नेतृत्वसमक्ष प्रतिवेदन पेस गरिने जानकारी दिइएको छ ।

यसअघि बिहीबार बिहान बसेको गठबन्धनका शीर्ष नेतासहितको बैठकले सिट बाँडफाडका सम्बन्धमा १६५ वटै निर्वाचन क्षेत्रको अवस्थाको अध्ययन गरी प्रतिवेदन बुझाउन कार्यदललाई निर्देशन दिएको थियो ।

निरन्तर 'एक्सन'मा बालेन

# अल्फाबिटाको अनधिकृत संरचनामाथि चलाइयो डोजर



उहाँले आफ्नै नक्सा मसँग माग्नुभयो । मैले अफिस गएर नक्सा र डोजर लिएर गएँ । मैले के बिराएँ ? अब उप्रान्त यस्तो गर्न नपरोस्, सबैले आफैं बुझेर अनधिकृतरूपमा बनाइएका संरचना आफैं हटाइदिनुहोला ।

■ **बालेन्द्र (बालेन) शाह**
**प्रमुख, कामपा**



■ प्रभाव संवाददाता

**काठमाडौं–** महानगरपालिका (कामपा)का प्रमुख बालेन्द्र (बालेन) शाह बिहीबार बिहान नयाँबानेश्वरस्थित अल्फाबिटा कम्प्लेक्स पुगे । त्यहाँ अनधिकृतरुपमा बनाइएका संरचनाको अनुगमन गर्न उनी महानगरको टोलीसहित पुगेका थिए ।

त्यसक्रममा महानगरप्रमुख शाह र कम्प्लेक्सका निर्देशक द्विराज शर्माबीच चर्काचर्की पऱ्यो । व्यावसायिक भवनको बेसमेन्ट, सेमी बेसमेन्ट र जमिन तलामा अनधिकृतरुपमा बनाइएका संरचना हटाउन प्रमुख शाहले आग्रह गरेका थिए । तर, निर्देशक शर्माले अनधिकृत संरचना नबनाइएको जिकिर गर्दै कानुनीरुपमा आफू बलियो भएको दाबी गरे । 'त्यसो भए नक्सा देखाउनूस्' भन्दा निर्देशक शर्माले 'महानगरतिरै होला नि नक्सा' भन्ने जवाफ दिएपछि महानगरप्रमुख शाहले चर्को श्वरमा 'तपाईंको घरको नक्सा मसँग हुन्छ कि तपाईंसँग ?' भन्ने प्रश्न गरे । शर्माले उल्टै 'तपाईं डन हो ?' भन्दै व्यवसायीलाई सम्मान गर्न प्रमुख शाहसँग आग्रह गरे ।

त्यसपछि महानगरको टोलीसहित प्रमुख शाह कार्यालयमा फर्किए । र, नक्सा लिएर उनी फेरि अल्फाबिटातर्फ लागे । यसपटक भने उनी डोजरसहित त्यहाँ पुगेका थिए । त्यसपछि अल्फाबिटाको नक्सा देखाउँदै उनले उक्त कम्प्लेक्समा निर्माण गरिएका अनधिकृत संरचना डोजर लगाएर भत्काउन लगाए ।

नक्सा स्वीकृत हुनेबेला खुलाइएको प्रयोजनविपरीत बनाइएका संरचना भत्काएको महानगरप्रमुख शाहले बताए । 'उहाँले आफ्नै नक्सा मसँग माग्नुभयो । मैले अफिस गएर नक्सा र डोजर लिएर गएँ । मैले के बिराएँ ?,' उनले भने, 'अब उप्रान्त यस्तो गर्न नपरोस्, सबैले आफैं बुझेर अनधिकृतरूपमा बनाइएका संरचना आफैं हटाइदिनुहोला, नक्सा पास भएअनुसार निर्माण र प्रयोग गरिदिनुहोला ।'

अल्फाबिटा कम्प्लेक्सले पार्किङका लागि स्वीकृति लिएको बेसमेण्टमा संरचना निर्माण गरी फार्मेसीलगायत व्यवसाय सञ्चालनका लागि भाडामा लगाएको थियो । अनधिकृत संरचना भत्काउने अभियान सुरु गरेको महानगरले अल्फाबिटाले बनाएका अनधिकृत संरचना डोजर लगाएर भत्काएको हो ।

महानगरले बेसमेन्ट, सेमी बेसमेन्ट र जमिन तला स्वीकृत नक्साबमोजिम सञ्चालन गर्न ३५ दिने सूचनामार्फत अनुरोध गरेको थियो । सूचनाको म्याद सकिँदासम्म पनि कसैबाट जिम्मेवारीपूर्वक पार्किङ नखुलाएपछि (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# ताहाचलमा अस्थायी 'रोमानियन मिसन' स्थापना

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले युरोपेली मुलुक रोमानिया जाने नेपाली कामदारको सहजताका लागि 'रोमानियन मिसन' स्थापना गरेको छ । वैदेशिक रोजगारीका लागि रोमानिया जाने नेपालीहरूलाई आवश्यक भिसा प्रक्रियामा सहजीकरण गराउने उद्देश्यले मन्त्रालयले श्रम तथा रोजगार कार्यालय ताहाचलमा अस्थायी रोमानियन मिसन स्थापना गरेको हो ।

मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै रोमानियाबाट प्राप्त रोजगारी गुम्न नदिन मिसन स्थापना गरिएको जानकारी दिएको छ । यसअघि रोमानिया जाने नेपालीहरूले उताबाट रोजगारीका लागि सम्झौता पाइसकेपछि भिसा प्राप्तिका लागि आवेदन दिन छिमेकी मुलुक भारतमा रहेको रोमानियन राजदूतावासमा पुग्नुपर्ने बाध्यता थियो । जसकारण धेरै नेपालीको अतिरिक्त समय र पैसा खर्च हुने गरेको जनगुनासोलाई सम्बोधन गर्न सम्बद्ध निकायको समन्वयमा मिसन स्थापना भएको मन्त्रालयले जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'नेपाली नागरिकहरूले रोमानियामा प्राप्त गरेका रोजगारीहरू गुम्न नदिन र रोमानिया प्रवेशका लागि आवश्यक भिसा प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाउन रोमानियन मिसन स्थापना गरिएको छ ।'

उक्त मिसनले नेपालबाट रोमानियामा रोजगारी तथा अन्य सन्दर्भमा जान चाहने नेपाली नागरिकहरूको भिसा आवेदन प्रक्रियाको सहजीकरण गर्नेछ । रोमानियन मिसनले प्रवाह गर्ने सेवा प्रक्रियामा श्रम तथा रोजगार कार्यालय, ताहाचलले आवश्यक समन्वय गर्ने जनाइएको छ । नेपालबाट रोमानिया वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकले नेपालमा अस्थायीरूपमा स्थापना गरिएको रोमानियन मिसनले तोकेको भिसा शुल्कबाहेक कहीँकतै कुनै प्रकारको रकम नबुझाउन, वा अन्य कुनै पनि प्रकारका प्रलोभनमा नपर्न पनि मन्त्रालयले सबैमा अनुरोध गरेको छ । त्यस्तै रोमानियन अधिकारीहरूसँग चिनजान छ भनी वा अन्य कुनै प्रकारबाट नेपाली नागरिकलाई प्रलोभनमा पारी ठगी वा रकम असुल गरेको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने मन्त्रालयले चेतावनी दिएको छ । यस्ता ठगी तथा गैरकानुनी क्रियाकलापमा संलग्न भएको सूचना कसैसँग भए मन्त्रालयलाई सूचित गर्न पनि आग्रह गरिएको छ ।

रोमानियन मिसनले प्रवाह गर्ने सेवा प्रक्रियामा श्रम तथा रोजगार कार्यालय, ताहाचलले आवश्यक समन्वय गर्ने

पछिल्लो समय रोमानियामा नेपालीहरूको नयाँ श्रम गन्तव्य बनेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत आर्थिक वर्ष ०७८/७९ मा नेपालबाट छ हजार ४२३ नेपाली रोजगारीका लागि रोमानिया पुगेका छन् । आर्थिक वर्ष ०७७/७८ मा यो संख्या एक हजार ९५४ मात्रै रहेको विभागको तथ्यांकले देखाउँछ । गत वर्ष नेपाल आएर रोमानिया फर्किन श्रम स्वीकृति नवीकरण गर्नेको संख्या एक हजार ५७ रहेको थियो । सेवा क्षेत्र, कृषि तथा उत्पादन क्षेत्रमा श्रमिकको माग उच्च रहेको र आकर्षक आम्दानी देखिएका कारण पछिल्लो समय रोमानिया जाने नेपालीहरूको संख्या बढेको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीका लागि रोमानिया जाने नेपालीहरूको संख्या बढेसँगै दुई देशबीच 'जिटुजी' सम्झौता गर्नुपर्ने आवाज उठ्दै आएको छ । तत्कालीन श्रममन्त्री कृष्णकुमार श्रेष्ठले रोमानिया जाने नेपाली श्रमिकलाई भिसा आवेदन नेपालमै व्यवस्था गर्न नेपालका लागि रोमानियाका नवनियुक्त राजदूत डेनियला सेजोनोभ टेनसँग आग्रह गरेका थिए । रोमानिया जान चाहने नेपालीहरूले भिसा आवेदनका लागि भारतको नयाँदिल्ली जानुपर्ने बाध्यता रहेको दर्शाउँदै श्रेष्ठले भिसा प्रक्रियालाई नेपालबाटै हुनेगरी सहजीकरण गरिदिन आग्रह गरेका थिए ।

श्रेष्ठकै पालामा नेपालले द्विपक्षीय श्रम सम्झौताको मस्यौदा तयार गरी रोमानिया सरकारलाई हस्तान्तरण गरेको थियो । जसमा रोमनिया सरकारले प्रस्तावित मस्यौदाप्रति आएको सकारात्मक प्रतिक्रिया जनाए पनि अझैसम्म जिटुजी सम्झौताका लागि प्रक्रिया अघि बढ्न सकेको छैन ।

## दक्षिण कोरियामा थप ८ हजार नेपालीलाई रोजगारी

**काठमाडौं (प्रस)–** दक्षिण कोरियामा थप आठ हजार नेपालीले रोजगारी पाउने भएका छन् । रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरियामा उत्पादन क्षेत्रतर्फ यसअघि तोकिएभन्दा बढी नेपालीले रोजगारी पाउने भएका हुन् । एचआरडी कोरियाले उत्पादन क्षेत्रतर्फ यसअघि तोकिएभन्दा आठ हजार बढी नेपालीलाई भाषा परीक्षामा उत्तीर्ण गराउने जनाएको छ ।

उत्पादनतर्फको पहिलो र दोस्रो चरणको भाषा परीक्षाबाट उत्तीर्ण हुनेको संख्यामा आठ हजार थप गरी रोस्टरमा सूचीकृत गर्न एचआरडी कोरियाबाट पत्र प्राप्त भएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जनाएको छ । यसअघि उत्पादन क्षेत्रतर्फ पहिलो चरणको परीक्षाबाट तीन हजार १३० र दोस्रो चरणको परीक्षाबाट तीन हजार ७८३ गरी कूल छ हजार ९१३ जनालाई उत्तीर्ण गराउने जनाएको थियो ।

उत्पादनतर्फको परीक्षामा उत्तीर्ण गराउनेको संख्या थपिएसँगै पहिलो चरणको परीक्षाबाट छ हजार ७५२ र दोस्रो चरणबाट आठ हजार १६१ गरी कूल १४ हजार ९१३ जना उत्तीर्ण हुने छन् । यसपटक उत्पादनतर्फ ३३ हजार ९०० र कृषितर्फ नौ हजारले फाराम भरेका थिए । उत्पादनतर्फको पहिलो चरणको परीक्षा गत साउन २ देखि सुरु भएको थियो । दोस्रो चरणको परीक्षा यही भदौ २ गतेदेखि चलिरहेको छ । पहिलो चरणको परीक्षाको नतिजा यही भदौ १७ गते आउने इपिएस कोरिया शाखाले जनाएको छ । शाखाका निर्देशक पुष्पराज कटुवाल परीक्षामा उत्तीर्ण हुनेको संख्या बढ्ने भएसँगै रोजगारीका लागि कोरिया जाने युवाको संख्या पनि वृद्धि हुने बताए । 'यो नेपाली युवाका लागि अवसर हो,' उनले भने, 'कोरिया सरकारले नेपालीलाई रुचाएको देखिएको छ ।'

सन् २००८ देखि इपिएसमार्फत नेपाली युवा रोजगारीका लागि दक्षिण कोरिया जाँदै आएका छन् । इपिएसबाट ७३ हजार नेपाली कोरिया पुगिसकेका छन् । उनीहरूले चार वर्ष १० महिना कोरियामा काम गर्न पाउँछन् । हाल कोरियामा ३३ हजार इपिएस श्रमिक छन् । दक्षिण कोरियाले इपिएस प्रणालीमार्फत विभिन्न १६ देशबाट श्रमिक लैजाँदै आएको छ । इपिएसबाट श्रमिक लैजाने मुलुकको सूचीमा नेपाल दोस्रो स्थानमा छ । सबैभन्दा बढी कम्बोडियाबाट श्रमिक कोरिया पुगेका छन् ।



सेनालाई प्रधानमन्त्रीको निर्देशन

# ‘जनताको विश्वास र भरोसा कायम राख्नू’



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले जनताको विश्वास र भरोसा कायम राख्न नेपाली सेनालाई निर्देशन दिएका छन् । रक्षामन्त्रीकोसमेत कार्यभार सम्हालेका उनले बिहीबारदेखि जंगी अड्डामा सुरु ‘कमाण्ड सेनापति समन्वयात्मक बैठक २०७९’को उद्घाटन समारोहलाई सम्बोधन गर्दै उक्त निर्देशन दिएका हुन् । नेतृत्व तहमा रहेका पदाधिकारीको इमान्दारी र कर्तव्यपरायणबाट नै मातहतका फौजको हौसला र मनोबल उच्च हुने प्रधानमन्त्री देउवाले उल्लेख गरे ।

उनले देशको सुरक्षा र प्रतिरक्षाजस्तो संवेदनशील जिम्मेवारी बोकेको नेपाली सेनाले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय एकतालाई बलियो बनाउन नेपाली सेनाले महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको स्मरण गरे । सुरक्षा तथा प्रतिरक्षासम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धानलाई प्रवर्द्धन गर्न, राष्ट्रिय सुरक्षामा दक्ष जनशक्ति स्वदेशमै उत्पादन गर्न तथा सुरक्षासम्बन्धी नीति निर्माण तहमा समान बुझाइ विकास गर्ने उद्देश्यले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालन गर्न लागिएको प्रधानमन्त्री देउवाले जानकारी दिए ।

समारोहमा प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेना मित्रराष्ट्रसँगको सन्तुलित सम्बन्धलगायत छिमेकी राष्ट्रको सुरक्षा संवेदनशीलतालाई मध्यनजर राखी राष्ट्रिय स्वार्थमा कुनै पनि किसिमको आघात हुन नदिने पक्षमा सजग र सतर्क रहँदै आएको जानकारी गराए । उनले नेपाल सरकारको उच्चतम प्राथमिकतामा रहेको काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजनालगायतका राष्ट्रिय गौरवका आयोजनामा सम्बन्धित निकायको समन्वयमा स्रोत र साधनको सुनिश्चितता गरी निर्धारित समयभित्र निर्माण सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको जानकारी गराए ।

राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने सबै प्रकारका गतिविधिका सम्बन्धमा नेपाली सेनाले निरन्तर अध्ययन, अनुगमन र विश्लेषण गरिरहेको र त्यसबाट सिर्जना हुनसक्ने राष्ट्रिय सुरक्षा चुनौतीलाई सामना गर्न नेपाली सेना सदैव तयारी अवस्थामा रहेको पनि उनले बताए ।

सोही अवसरमा रक्षासचिव किरणराज शर्मा र प्रधानसेनापति शर्माबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षरसमेत भएको थियो । दुईदिने बैठकमा नेपाली सेनाका विभाग, महानिर्देशनालय, कोर र निर्देशनालयका प्रमुख तथा कमाण्ड सेनापतिले आ-आफ्नो जिम्मेवारी क्षेत्रको वर्तमान वस्तुस्थिति, कार्य समीक्षा एवं सुझावसहितको प्रस्तुतीकरण रहने कार्यक्रम छ ।

उक्त बैठकको निष्कर्ष र सुझावले आगामी दिनमा नेपाली सेनाको नीति तथा योजना निर्माणमा ठोस योगदान पुर्‍याउने विश्वास लिइएको छ ।

# व्यवस्थित सहरीकरण हुन नसकेकामा सांसदहरूको चिन्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले काठमाडौंमा व्यवस्थित सहरीकरण हुन नसकेकोप्रति सरोकारवाला निकायको ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिको बिहीबारको बैठकमा सांसदहरूले काठमाडौं उपत्यका विकास प्राधिकरणका योजना, कार्यक्रम र उपलब्धिहरू विषयक छलफल कार्यक्रममा एउटै जिम्मेवारी भएका धेरै निकाय भए पनि काम हुन नसकेको बताएका हुन् ।

बैठकमा सांसदहरू कमला पन्त, जगप्रसाद शर्मा, नन्दा चपाइँ, कृष्णप्रसाद पौडेललगायतले सहरमा वुद्धिजीवी र प्रतिष्ठित मानिसको बसाइ हुने भए पनि फोहोर र अव्यवस्थाले गिज्याएकामा सरोकार भएका निकायको ध्यान जानुपर्ने बताए ।

फोहोर व्यवस्थापनमा बञ्चरेडाँडाको विकल्पसमेत खोजिनुपर्नेमा सांसदहरूले सहरी विकास मन्त्रालयको ध्यानाकर्षण गराएका थिए । सांसदहरूले उठाएको सरोकारको जवाफ दिँदै सहरी विकाससचिव डा रमेशप्रसाद सिंहले फोहोर व्यवस्थापनका लागि मन्त्रालयले समन्वयको काम गरिरहेको बताए ।

राजधानीको जाम व्यवस्थित गर्न बागमती, रुद्रमति, विष्णुमतीलगायत नदी किनारमा बनेको करिडोरले सहयोग गरिरहेको उल्लेख गर्दै उनले यस विषयमा काम गर्ने सबै निकायको समन्वयका लागि विधेयक मस्यौदा गरी कानुन मन्त्रालय पठाइएको जानकारी दिए ।

प्राधिकरणको उपलब्धिका विषयमा प्रस्तुति गर्दै नायव विकास आयुक्त नवराज प्याकुरेलले सरकारले आर्थिक वर्ष २०६१/६२ को बजेट भाषणमार्फत काठमाडौं उपत्यकामा प्रस्ताव गरिएको ७२ किलोमिटर बाहिरी चक्रपथमध्ये ५४.४८ किलोमिटरको विस्तृत परियोजना प्रस्ताव तयार भएको जानकारी दिए । सतुंगल खण्डको छ-छ किलोमिटरको जग्गा अधिग्रहणका लागि सरकारसमक्ष पेस गरिएको जानकारी पनि उनले गराए ।

बैठकमा ट्राफिक प्रहरीको नियन्त्रणमा रहेका करिब एक हजार ५०० सवारीसाधनका विषयमा पनि छलफल भएको थियो । यी सवारीसाधनका विषयमा विस्तृत छलफलका लागि आगामी बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई बोलाउने निर्णय गरिएको उपस्थितमध्येकी ज्येष्ठ सदस्य शारदादेवी भट्टले जानकारी दिइन् । गत फागुन २१ गते समिति सभापति तारादेवी भट्टको पदावधि सकिएपछि नेतृत्व चयन हुन सकेको छैन ।

सभापति चयन नभएपछि बैठकमा उपस्थित सांसदमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्दै आएका छन् । सभापति चयन नहुँदा समितिको काम कारबाहीमा असर गरेको समितिका कर्मचारीको गुनासो छ ।

# कैदी भागेको घटना छानबिन गर्न समिति गठन

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीको अनाश्रित गुल्म नख्खु कारागार ललितपुरमा कैद भुक्तान गरिरहेका एक कैदी फरार भएको घटनाका सम्बन्धमा छानबिन गर्न प्रहरी उपरीक्षक देवेन्द्रबहादुर पालको संयोजकत्वमा छानबिन समिति गठन गरिएको छ । कर्तव्य ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका रामेछापको पिल्पुङ गाउँपालिका-२ घर भई हाल नेपाल प्रहरीको अनाश्रित गुल्म नख्खु कारागारमा रहेका ३१ वर्षका भोला बुढाथोकीलाई उपचारका लागि महाराजगञ्जस्थित शिक्षण अस्पतालमा लगिएकामा बुधबार सोही अस्पतालबाट फरार भएका थिए । उनी वि.सं. २०७२ देखि २० वर्षको कैद सजाय भुक्तान गरिरहेका थिए ।

Government of Province
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Rupandehi

## Invitation for Bids

**IFB No:-2/RIDORUP/079-80**

**Date of publication: August 26, 2022 (2079-05-10)**

1. Road Infrastructure Development Office, Rupandehi invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure.

| S. N. | Road Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Estimated Amount (excluding VAT) | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount (NRs) | Validity Period (days) |
| 1. | Improvement works along Butwal-Nuwakot Paryatan (Shanti Marga), Rupandehi | RIDORUP/RUP/284/NCB/79-80/01 | 5000.00 | | December 24, 2022 (2079-9-9) | 5,50,000.00 | January 23, 2023 (2079-10-9) |
| 2. | Upgrading of Gauchran Palli tole Road Siyari 5, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/02 | 3000.00 | 6,783,925.23 | December 24, 2022 (2079-9-9) | 1,75,000.00 | January 23, 2023 (2079-10-9) |
| 3. | Manoharapur to Badsari Sitapur Bhaisakhader to Siyari Ga.Pa. Link Road, Rupandehi. | RIDORUP/RUP/134/NCB/079-80/03 | 3000.00 | 1,686,885.20 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 4. | Rajapani jane sadak Jarlewa Sainamaina-11, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/04 | 3000.00 | 1,263,889.19 | December 24, 2022 (2079-9-9) | 35,000.00 | January 23, 2023 (2079-10-9) |
| 5. | Upgrading of Saljhandibajar Bankatawa Tali Bhajana-Danapur Gajadi Krantichowk Road, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/05 | 3000.00 | 1,686,976.46 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 6. | Saljhandi Utar Barauli Gaun ko Paschim Hudai ward Karlaya Joining Purposed Road Sainamaina-11, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/06 | 3000.00 | 1,686,903.30 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 7. | Upgrading of Shankarpur Bharaiya Tole Bikash Sastha ko Ring road to Asnari Road sainamaina-10, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/07 | 3000.00 | 841,039.72 | December 24, 2022 (2079-9-9) | 20,000.00 | January 23, 2023 (2079-10-9) |
| 8. | Sahamati Chowk Ganesh Mandir Asneri Bharaiya Road, Sainamaina-9, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/08 | 3000.00 | 1,687,140.18 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 9. | Bhanu ko ghar Agadi to Ring Road Jodna Road Blacktop Sainamaina-9, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/09 | 3000.00 | 842,962.03 | December 24, 2022 (2079-9-9) | 20,000.00 | January 23, 2023 (2079-10-9) |
| 10. | Banshgadi bajar Pachadi Drain Nirman Sainamaina-8 | RIDORUP/RUP/134/NCB/079-80/10 | 3000.00 | 842,362.22 | December 24, 2022 (2079-9-9) | 20,000.00 | January 23, 2023 (2079-10-9) |
| 11. | Upgrading of Ramapur chowk -Dakshin Shivaraj colony-Sainamaina-7 Road, Sainamaina, Rupandeh | RIDORUP/RUP/134/NCB/079-80/11 | 3000.00 | 1,687,073.21 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 12. | Purbi Ganganagar nali sahit sadak gravelling Sainamaina-3, Rupandeh | RIDORUP/RUP/134/NCB/079-80/12 | 3000.00 | 2,114,180.18 | December 24, 2022 (2079-9-9) | 55,000.00 | January 23, 2023 (2079-10-9) |
| 13. | Kalika Chowk to Bolbam park Road Blacktop Sainamaina-2, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/13 | 3000.00 | 1,686,983.89 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 14. | Upgrading of Pragatipath road with Drain & Gravelling, Sainamaina-2, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/14 | 3000.00 | 2,114,105.31 | December 24, 2022 (2079-9-9) | 55,000.00 | January 23, 2023 (2079-10-9) |
| 15. | Raju pariyar ko ghar to ramu kala ko ghar samma Drain & Petrolpump ranikuwa Road Blacktop Sainamaina-1, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/15 | 3000.00 | 2,966,505.64 | December 24, 2022 (2079-9-9) | 75,000.00 | January 23, 2023 (2079-10-9) |
| 16. | Durga bhawani hudai prakritik chekitsalaya road & Padampadhi prakritik chekitsalaya road Gravelling tatha blacktop, Sainamaina-1, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/16 | 3000.00 | 2,966,385.17 | December 24, 2022 (2079-9-9) | 75,000.00 | January 23, 2023 (2079-10-9) |
| 17. | Bhutakhaya khala bata Dakshin tarfa jane sadak kalopatra Butwal-17, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/17 | 3000.00 | 1,686,833.16 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 18. | Motipur Mahadaiya Road,Butwal-17, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/18 | 3000.00 | 2,010,960.75 | December 24, 2022 (2079-9-9) | 50,000.00 | January 23, 2023 (2079-10-9) |
| 19. | Mainabagar Butwal 11 to 17 Nahar link Road, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/19 | 3000.00 | 1,686,901.91 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 20. | Hasti path Road Blacktop Butwal-11 Devinagar, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/20 | 3000.00 | 2,766,723.76 | December 24, 2022 (2079-9-9) | 70,000.00 | January 23, 2023 (2079-10-9) |
| 21. | Upgrading of Shivamandir najik shivalaya path Road & drain Tillotomma-3, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/21 | 3000.00 | 1,266,687.50 | December 24, 2022 (2079-9-9) | 35,000.00 | January 23, 2023 (2079-10-9) |
| 22. | Upgrading of Mandir path Tillotomma-3, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/22 | 3000.00 | 584,341.84 | December 24, 2022 (2079-9-9) | 15,000.00 | January 23, 2023 (2079-10-9) |
| 23. | Ward karlaya ko najik ghola ma Retaining wall nirman, Kanchan-5, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/23 | 3000.00 | 841,091.58 | December 24, 2022 (2079-9-9) | 20,000.00 | January 23, 2023 (2079-10-9) |
| 24. | Ward Bhawan to Utar purba Khola Samma Road construction, Ti. Na. Pa.-10, Rupandehi | RIDORUP/RUP/134/NCB/079-80/24 | 3000.00 | 2,538,760.25 | December 24, 2022 (2079-9-9) | 65,000.00 | January 23, 2023 (2079-10-9) |
| 25. | Belbash pul to Mainaheya chowk Road, Rupandehi (Reparing Works) | RIDORUP/RUP/134/NCB/079-80/25 | 3000.00 | 1,687,151.09 | December 24, 2022 (2079-9-9) | 45,000.00 | January 23, 2023 (2079-10-9) |
| 26. | Jharahi Bankatti River Training Works, Nawalparasi | RIDO/RUP/BR/NCB/079-80/55 | 3000.00 | 21,05,894.30 | December 24, 2022 (2079-9-9) | 55,000.00 | January 23, 2023 (2079-10-9) |

**Requirement for Contract number:- RIDORUP/RUP/284/NCB/79-80/01**

| S N | Road Name | Contract ID | Average annual Construction Turnover | Specific Construction experience |
|---|---|---|---|---|
| 1 | Name of Project : Improvement works along Butwal- Nuwakot Paryatan (Shanti Marga), Rupandehi | RIDORUP/RUP/284/NCB/79-80/01 | Average annual Construction turnover best three years with in last 10 years. (Need NRs 3,35,00,000.00 | Construction of at Least One Road within the last ten (10) years with a value of at least NRs 90,00,000.00 |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| September 25, 2022 | 12:00 hrs | September 25, 2022 | 13:00 hrs | |

3. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000200010000 (Rajaswa) | Office code : 3370148025, Road Infrastructure Development Office, Rupandehi Revenue Heading no: 14229 |

4. Pre-bid meeting shall be held at the office on September 15, 2022 at 11:00 AM
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

## अल्फाबिटाको अनधिकृत...

पृष्ठ १ बाट जारी

मंगलबारदेखि बानेश्वर क्षेत्रबाट अनधिकृत संरचना हटाउन सुरु गरेको हो ।

महानगरपालिकाले आर्थिक वर्ष २०७५/७६ देखि ०७८/७९ सम्ममा १० हजार स्क्वायर फिटभन्दा धेरै क्षेत्रफल भएका २७८ वटा भवनको नक्सा स्वीकृत गरेको जनाएको छ । सहरी व्यवस्थापन विभागका प्रमुख सुरज शाक्यका अनुसार यी आर्थिक वर्षहरुमा क्रमशः ८६ वटा, ७७ वटा, ६५ वटा र ५० वटा भवनको नक्सा स्वीकृत भएका हुन् । 'यी भवनको बेसमेन्ट वा सेमी बेसमेन्टमा कि पार्किङ गराउनुपर्छ कि भण्डार बनाउनुपर्छ । तर, यीमध्ये अधिकांशले अन्य प्रयोजनमा ठाउँलाई प्रयोगमा ल्याएका छन,' उनले भने ।

महानगर प्रहरी बलका प्रमुख नगर प्रहरी उपरीक्षक राजुनाथ पाण्डेकाअनुसार बिहीबार अल्फाबिटासँगै बानेश्वरबाट शंखमुल जाने सडकमा रहेको बर्गर हाउसलाई कारबाही गरिएको छ । त्यस क्षेत्रमा बेसमेन्टको प्रयोग गरेर करिब पाँच ठाउँमा पसल, रेस्टुरेण्टजस्ता व्यवसाय सञ्चालनमा छन् । उनीहरुलाई प्रयोजनअनुरुप संरचना प्रयोग गर्न सचेत गराइएको उनले बताए । महानगरको वडा नं. ९ स्थित मुक्ति विकास बैंक भएको भवनको बेसमेन्टमा सञ्चालन भएको व्यवसाय वडाध्यक्षको रोहबरमा बन्द गराइएको पनि उनले जानकारी दिए ।

मंगलबारदेखि सुरु भएको यस अभियानअन्तर्गत बुधबार सुन्धारास्थित काठमाडौं मल र न्युरोडको आरबी कम्प्लेक्समा बनाइएका नक्सा पासविपरीतका संरचना भत्काइएको थियो । बुधबार नै महानगरले न्युरोडस्थित नबिल बैंकको शाखा तत्काल हटाउन निर्देशन दिएको थियो । पार्किङका लागि बनाइएको स्थानमा बैंकको शाखा राखिएको भन्दै महानगरले तत्काल हटाउन निर्देशन दिएको हो ।

महानगरले बुधबार नै कोटेश्वर क्षेत्रका सडकपेटीमा सञ्चालित पसलहरु हटाएको थियो । फुटपाथ मिचेर राखिएका पसलहरु महानगरको प्रहरी टोलीले हटाएको थियो ।

अहिले महानगर नक्सा पास नगरी वा पास गरिएको नक्साभन्दा विपरीत रहेर निर्माण गरिएका संरचनाविरुद्ध 'एक्सन'मा उत्रिएको छ । महानगर प्रमुख शाहले कानुन सबैका लागि बराबर भएको भन्दै अवैध संरचना हटाइछाड्ने बताएका छन् । उनले महानगरसँग अनुमति नलिई तथा अनुमति दिइएको भन्दा फरक प्रयोजनका लागि प्रयोग गरिएका संरचना हटाइने बताए ।

मंगलबार नयाँबानेश्वर क्षेत्रका व्यापारिक कम्प्लेसले पार्किङका लागि अनुमति लिएर अन्य प्रयोजनका लागि प्रयोग गरेका संरचना महानगरले भत्काएको थियो । महानगरले जारी गरेको ३५ दिने सूचनालाई बेवास्ता गरेका ती कम्प्लेक्सहरुमा महानगर अफैंले संरचना हटाएको हो । बेसमेण्ट पार्किङसहितको संरचना निर्माण गर्ने अनुमति लिएका ती कम्प्लेक्सले त्यसविपरीत विभिन्न व्यवसाय सञ्चालनका लागि संरचना बनाएर भाडामा लगाएका थिए । ती संरचना हटाएर पार्किङको व्यवस्था गर्न महानगरले ३५ दिने सूचना जारी गरेको थियो ।

अवैधरुपमा निर्माण गरिएका संरचनाहरु हटाएपछि पार्किङको समस्या २५ प्रतिशत समाधान हुने महानगरले जनाएको छ । सडक अतिक्रमण र फुटपाथ ओगटेर व्यापार व्यवसाय गर्नेमाथि निर्मम देखिएका बालेन्द्रले अवैधरुपमा निर्माण गरिएका भौतिक संरचनामाथि डोजर चलाउन थालेपछि चौतर्फी तारिफ हुन थालेको छ ।

दुई हप्ताअघि थापाथलीस्थित नर्भिक अस्पतालले सार्वजनिक जग्गामा सम्झौताविपरीत संरचना तयार गरेको भन्दै महानगरले भत्काउन निर्देशन दिएको थियो । महानगरको निर्देशन अवज्ञा गरेको अस्पतालले महानगर प्रमुख शाह स्वयं उपस्थित हुँदा अस्पतालको संवेदनशीलता देखाई संरचना हटाउन केही समय माग गरेको थियो । सो विषय अहिले अदालतमा पुगेर पुगेर अड्किएको छ । त्यस्तै झण्डै एक महिनाअघि पनि महानगरले पुतलीसडकको स्टार मल र कमलपोखरीमा रहेको सिटी सेन्टरले फुटपाथ अतिक्रमण गरी निर्माण गरेको अवैध संरचना पनि हटाइसकेको छ ।

### कीर्तिपुरमा पनि भत्काउन सुरु

यसैबीच कीर्तिपुर नगरपालिकाले पनि नगरभित्रका अनधिकृत संरचना हटाउने कार्य सुरु गरेको छ । पटक-पटकको लिखित तथा मौखिक आग्रह र चेतावनीपछि पनि अटेर गरेका कारण बिहीबार नगरपालिकाले त्यस्ता अनधिकृत संरचना डोजर लगाएर भत्काएको हो । दिउँसो सुरु गरिएको सो कार्यमा नगरप्रमुख राजकुमार नकर्मी उपस्थित थिए ।

नगरपालिकाको वडा १० मा पर्ने उक्त संरचना स्थानीय जयबहादुर महर्जनको पर्खाल हो । नगरपालिकामा गरिएको नक्सा पासविपरीत सो संरचना बनेकाले भत्काउनुपरेको नगरपालिकाकी उपप्रमुख एवं प्रवक्ता सुनिता शाक्यले बताइन् । महर्जनलाई यसअघि अघिल्ला नगरप्रमुख रमेश महर्जनकै कार्यकालमा नगरपालिकाले संरचना मापदण्डविपरीत भएको र सार्वजनिक आवागमनमै बाधा पार्ने भएकाले भत्काउन अनुरोध गरिएको जानकारी पनि उपमेयर शाक्यले दिइन् ।

'उहाँहरुसँग नै महर्जनले आफ्नो संरचना आफैं भत्काएर हटाउने प्रतिबद्धता जनाउनुभएको रहेछ । तर हामी आइसकेपछि पनि अनुरोध गर्दा नहटाइएपछि भत्काउन बाध्य भयौं,' उनले भनिन् । नियमविपरीतका संरचना हटाउन स्थानीय जनताले पहिलेदेखि नै माग राख्दै आएको उपप्रमुख शाक्यले बताइन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MERAKI BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०७९/०५/०९ LT. No. 270266 चलानी नं. :६०१८६१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 1700 | ५९,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १७ गते (2nd Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## साउदी/युएई/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-ADEED INVESTMENT COMPANY

पूर्व स्वीकृति मिति: २०७९/०२/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/०९ LT. No.263386 चलानी नं. ६०१७९५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 13 | 0 | 1000 | ३३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAWARMA ZONE RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/०१/२७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/०९ LT. No.262799 चलानी नं. ६०१७९०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Workers | 5 | 0 | 1000 | ३३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VITAL ZONE DELIVERY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०७९/०५/०९ LT. No.270312 चलानी नं. ६०१८६१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcyclist | 15 | 0 | 2000 | ६९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TIERRA HUB TRADING ip 0343762-T

पूर्व स्वीकृति मिति २०७९/०५/०९ LT. No.270223 चलानी नं. ६०१८६१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 14 | 0 | 1500 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: भदौ १७ गते (2nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सो को एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


# Biruwa Rural Municipality

# Office of The Rural Municipal Executive

Biruwa, Syangja

Gandaki Province, Nepal

## INVITATION FOR BIDS

**First Date of Publication: 26th August, 2022**

1. Biruwa Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Projects tabled below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja, email: **biruwaruralmun@gmail.com** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be download from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Everest Bank Limited, Biruwa Branch, Syangja**

   **Name of Office: Biruwa Rural Municipality**

   **Office Account no.: 06300106200003**
4. Pre-bid meeting shall be held at Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja at **15th September-2022**, at 14:00 Hrs.
5. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 Hrs. on **27th September-2022.**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs. on **27th September-2022** at Office of The Rural Municipal Executive, Biurwa, Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to a minimum amount as mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly or all the bids without assigning reason, whatsoever.
8. Details which are not mentioned on notice are followed by Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

| S. N. | Contract Identification No. | Name of Project | Estimated Amount (Nrs.) | Bid Security Amount | Cost of Bid Document |
|---|---|---|---|---|---|
| 1. | NCB/BRM/ WORKS/001/2079-80 | Upgrading of Bhanjyang Bahu Biruwa Road (Ch:0+00-7+500) | 1,36,23,008.62 (without VAT & PS) | Nrs. 387500.0 | Nrs.3000.00 |
| 2. | NCB/BRM/WORKS /002/2079-80 | Upgrading of Rahakhola-Milanchowk-Damsidi-Bagaribot Road (Ch:3+300-4+490) | 17143170.38 (without VAT & PS) | Nrs. 487000.0 | Nrs.3000.00 |

**Chief Administrative Officer**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BATOOL CONTRACTING

पूर्व स्वीकृति मिति :२०७९/०५/०९ LT. No.270243 चलानी नं. ६०१८६१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1100 | ३८,३७५ | | | | | | | |
| 3 | LABOUR | 4 | 0 | 1000 | ३४,८८५ | | | | | | | |
| 4 | REINFORCE FITTER | 2 | 0 | 1100 | ३८,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १७ गते (2nd Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ISAM KABBANI AND PARTNERS CO.

पूर्व स्वीकृति मिति: २०७९/०५/०९ LT. No.270260 चलानी नं. ६०१८६११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder | 2 | 0 | 1400 | ४७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber | 45 | 0 | 1400 | ४७,३१० | | | | | | | |
| 3 | Ordinary Worker | 19 | 0 | 1300 | ४३,९३० | | | | | | | |
| 4 | Painter | 5 | 0 | 1500 | ५०,६९० | | | | | | | |
| 5 | Public Building | 8 | 0 | 1500 | ५०,६९० | | | | | | | |
| 6 | Scaffolding Erector | 10 | 0 | 1600 | ५४,०७० | | | | | | | |
| 7 | Welding General | 9 | 0 | 1500 | ५०,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १७ गते (2nd Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
*Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np*



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN O PEH KONG

पूर्व स्वीकृति मिति २०७९/०५/०९ LT. No. 269756 चलानी नं. ६०१८६११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 5 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BP METAL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०९ LT. No. 269353 चलानी नं. ६०१८६१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १७ गते (2nd Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOLD EXCEL SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/०८ LT. No. 270228 चलानी नं. ६०१८६०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 120 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BAO KANG VEGETABLE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०८ LT. No. 269959 चलानी नं. ६०१८६०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GOLD KEY FNB SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०८ LT. No. 270034 चलानी नं. ६०१८६०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 23 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KILANG BERAS HON LI (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०८ LT. No. 270035 चलानी नं. ६०१८६०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यो विज्ञापन LT No. 270228,269959,270034 र 270035 मिति: २०७९/०५/०९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १६ गते (1st Sep. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अपराधको बदलिँदो स्वरूपप्रति सचेत बनौं

हामीलाई थाहा छ, समयको गतिसँगै समाज परिवर्तन भइरहेको हुन्छ। सूचना प्रविधिको तीव्र विकासले झन् परिवर्तनको गति बढाएको छ। केही वर्ष, केही महिना, केही हप्ता, केही दिन, केही घण्टा, केही मिनेट होइन केही पलमै परिवर्तन हुनसक्ने अवस्था सूचना प्रविधिले सिर्जना गरेको छ। परिवर्तन व्यक्तिको सोचमा, उसको व्यवहारमा देख्न सकिन्छ। त्यसको प्रभाव समाजमा झल्किरहेको हुन्छ।

यही सन्दर्भमा समाजमा हुने अपराधको स्वरूप पनि निरन्तर परिवर्तन हुँदै आएको छ। सूचना प्रविधिको विकासले अपराधको स्वरूप र प्रवृत्ति परिवर्तन गर्न थप बल पुगेको पछिल्ला घटनाक्रमहरूले पुष्टि गर्छ। यसरी अपराधका स्वरूप र प्रवृत्तिमा आएको परिवर्तनले समाजमा चुनौती थपिँदै गएको छ। नयाँ–नयाँ स्वरूपका आपराधिक गतिविधिहरू बढ्दै जाँदा यसलाई नियन्त्रण गर्ने चुनौती थपिएको हो। यसप्रति सरोकारवालाहरूको चासो पनि बढ्दै गएको छ।

बुधबार प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग र काठमाडौं उपत्यका प्रहरी कार्यालयद्वारा आयोजित 'उपत्यका अपराध अनुसन्धान समीक्षा गोष्ठी'का वक्ताहरूले अपराधका स्वरूप र प्रवृत्तिमा आएको परिवर्तनप्रति चासो व्यक्त गरे। बैठकमा सहभागी गृहमन्त्री बालकृष्ण खाणले अपराधका संख्या बढिरहेको र अपराधको स्वरूप र प्रवृत्तिमा पनि ठूलो परिवर्तन आइरहेको बताए। नयाँ प्रविधिका कारणले अपराधका घटना वृद्धि हुँदा थप जटिलता थपिरहेको उल्लेख गर्दै उनले यसतर्फ राज्यको ध्यान गएको दाबी गरे।

महान्यायाधिवक्ता खम्मबहादुर खातीले नयाँ घटना हुने अवस्थामा त्यसको अनुसन्धानका लागि विशेषरूपमा ध्यान दिनुपर्नेमा जोड दिए। उनले अपराध नियन्त्रणको चुनौतीलाई सामना गर्न राज्यको प्रणालीलाई बलियो बनाउनुपर्नेमा जोड दिए। साइबर क्राइम र आर्थिक अपराधलगायतका जघन्य अपराध नियन्त्रणमा नयाँ नीतिको आवश्यकतासमेत उनले औँल्याए। गृहसचिव टेकनारायण पाण्डेले अपराधको स्वरूप बदलिएका कारण चुनौती बढी थपिएको उल्लेख गरे। प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले अपराध नियन्त्रण र शान्ति सुरक्षाका लागि क्षमता विकास र प्रविधिको प्रयोग बढाउनुपर्नेमा जोड दिए।

सरोकारवालाहरूको यी भनाइले पनि अपराधको बदलिँदो स्वरूपले चुनौती बढाउँदै लगेको प्रस्ट हुन्छ। प्रविधिको विकासलाई रोकेर रोक्न सकिने अवस्था छैन, त्यो जायज पनि छैन। सकारात्मक प्रयोजनका लागि विकास गरिएको प्रविधिलाई नै दुरूपयोग गरी आपराधिक गतिविधि बढिरहेका छन्। यसरी बढ्दो अपराधलाई नियन्त्रण र न्यूनीकरण गर्न त्यहीअनुसारको नीति, जनशक्ति र प्रविधिको प्रयोग गर्नु आवश्यक छ। त्यसैले आवश्यक ऐन कानुन, नीति, नियम तत्काल निर्माण गरी अपराध नियन्त्रणमा खटिने निकायलाई प्रविधिमैत्री बनाउन आवश्यक छ। प्रविधिलाई सही उपयोग गर्नसके त्यसबाटै आपराधिक कार्यहरू नियन्त्रणमा सहज हुन्छ। अपराधमा नियन्त्रणमा खटिने जनशक्तिको दक्षता पनि बढाउँदै लैजानु पर्दछ।

अर्कोतर्फ यस्ता अपराधका शृंखलाहरू न्यूनीकरण गर्न समाजमा साक्षरता बढाउन आवश्यक छ। सूचना प्रविधि, यसको प्रयोगबाट हुने आपराधिक गतिविधि तथा यसबाट बच्ने उपायहरूका बारेमा समाजका हरेक वर्गलाई सचेत गराउनु त्यत्तिकै जरुरी छ। यसरी सचेतना बढाउन सके केही हदसम्म अपराध न्यूनीकरणमा सहयोग पुग्ने निश्चित छ। नयाँ–नयाँ प्रविधिको विकाससँगै नयाँ स्वरूपको अपराध घट्नसक्नेतर्फ सरोकारवाला सबै चनाखो बन्नुपर्छ। त्यही अनुसारको तयारी र दक्षता बढाउँदै लैजानसके थपिँदै गएको चुनौतीको सामना गर्न सहज हुनेछ। यसतर्फ सरकार र सरोकारवाला सबै सचेत भई लाग्नुपर्ने बेला आएको छ। अन्यथा, यसबाट समाज र राष्ट्रले ठूलो क्षति बेहोर्नुपर्ने निश्चित छ।

## मननयोग्य

### विदुर नीति

असल व्यक्ति, ब्राह्मण, राजाहरू, बुढोपाखो मानिस, केटाकेटी, दुःखी र दरिद्रहरू आदीसँग आफूमा उठ्तैगरेको रिस (क्रोध) लाई सधैं नै नियन्त्रणमा राख्नुपर्दछ।

बेकारको झगडा गर्नु मूर्खहरूको काम मामत्र हो। बुद्धिमान्ले मूर्खले गर्नेगरेको बेकारको कलहलाई त्याग्नुपर्दछ। कलह छोड्दा कीर्ति फैलन जान्छ र उसले अनर्थको सामना पनि गर्नुपर्दछ।

जसरी स्त्रीहरूले पुरुषत्वहीन (नपुंसक) लोग्नेलाई त्यागिदिन्छन्। त्यसै गरी रिस पनि कुनै परिमाण छैन र खुसी हुँदा पनि कुनै फल दिदैँन भने त्यास्तो राजालाई पनि उसका जनताहरूले छाडिदिने गर्दछन्। अर्थात खुलाएको र रिसाएको एकै समान गर्ने राजा नपुंसक बराबरको हुन्छ।

बुद्धिबाट घन लाभ हुन्छ। मूर्खताले गरिबी ल्याउँछ, भन्ने कुराको कुनै नियम छैन। इहलोक र परलोकबारे बुझ्ने व्यक्ति बुद्धिमान मात्र हुन्छ मूर्खले भने सांसारिक प्रपञ्चबारे थाहा पाउँदैन।

विद्या पढेको, असल शीलस्वभाव भएको, पाको उमेर, परिपक्व बरद्धि, धनवान् र कुलीन तथा सम्मानित पुरुषलाई मूर्ख मानिसहरू सधैंभरि अनादर गर्ने गर्दछन्। अनाचार र अत्याचार गर्ने, अर्कालाई निन्दा गर्दै हिंड्ने, फोहरी कुरा गर्ने (दुष्ट-वचन बोल्ने), रिसाहा, मूर्ख व्यक्तिलाई दुःख र दारिद्रयले तुरुन्तै घेर्दछ।

ठगी नगर्ने, दान गर्ने, आफ्नो बोलीमा रहने (वचनले पक्का), समयमा नै काम गर्ने, विचार पुर्याएर राम्रो बोली बोल्दै सबैको हितहुने कुरा गर्ने वा मधुर बोली बोल्ने मानिसले शत्रु तथा विरोधीहरू समेतलाई आफ्नो बशमा राख्न सक्तछ।

झूठो कुरा नभन्ने, चलाख र सावधान, कृतज्ञ, बुद्धिमान, सरलस्वभाव भएको राजाले आफू धन सम्पत्ति वा ढुकुटी रित्तिने अवस्थामा पुग्दा पनि इष्टमित्र, नोकर-चाकर तथा आफूलाई सहयोग गर्ने व्यक्तिहरूलाई सहयोगीको रूपमा जुटाइरहन सक्तछ। **क्रमशः**

# तीजमा टाढिँदै मौलिकता, मौलाउँदै विकृति

▶▶ ध्रुवसागर शर्मा

*तीजको बेलामा सबै जान्छन् मेलामा,*
*म छोरीको आँशु खस्यो दैला ठेलामा।*
*तीजको लहर आयो बरिलै।*

केही वर्ष अघिसम्म नेपाली हिन्दू महिलाले मनाउने धार्मिक एवं साँस्कृतिक महत्त्व बोकेको पर्व हरितालिका तीज नजिकिँदै गर्दा गाउँ, सहर, गल्ली चोक, घरघरमा यस्तै गीतहरू गुञ्जन्थे। तीजका यस्ता गीतले महिलाले सासु/ससुरा र श्रीमान्को खटनले मन लागेको बेलामा माइत जान नपाएका, माइतीबाट बुबा, दाजुभाइ लिन नआएका पीडा अभिव्यक्त गरेका हुन्थे तर, अब त्यो समय रहेन। हिन्दू नारीहरूको महान चाड तीजको ऐतिहासिक मौलिकपन दिन प्रतिदिन खस्किँदै जान थालेको छ। पछिल्लो समय तीज पर्व मनाउने शैलीमा तडकभडक र विकृति बढ्दै गएको गुनासो व्यापक बन्दै जान थालेको छ।

म्याग्दीको बेनी नगरपालिका-२ की ७१ वर्षीया गोमादेवी उपाध्यायले विगतका दिनमा आफूले तीज पर्वलाई नेपाली संस्कृति र आफ्नै मौलिकपनमा मनाउने गरेको सम्झँदै भन्छिन्, 'म सानो छँदा गाउँघरमा मादलको तालमा सुखदुःख समेटिएका गीत गाउँदै छमछमी नाचेर तीज मनाएको आज पनि झल्झली सम्झन्छु तर, आजभोलि तीजका गीत सुन्दा तीजका हुन् कि रत्यौलीका छुट्याउनै गाह्रो हुन्छ।'

विगतका दिनमा गाउँघरमा साथी सहेली, फुपू आमाजू, ठूलीआमा, सानीआमा सबै महिला दिदीबहिनी एकै ठाउँमा जम्मा भई दुःखसुखका गीत गाएर, नाचेर वर्षभरिका पीडा भुल्ने गरेको उनको भनाइ छ। सानो छँदा तीज पर्व मनाउन आफूले मादलको तालमा छमछमी नाचेको सम्झँदै उनी भन्छिन्, 'आजभोलि त हामीले मनाउने तीज, तीजजस्तो लाग्दैन, उच्छृंखल, तडकभडक र देखासिखीको चाडजस्तो लाग्छ।'

दिन प्रतिदिन परम्परागत संस्कार र संस्कृतिअनुसारको नेपाली मौलिकपन नहुँदा गोमादेवी मात्रै होइन, पुरानो पुस्ताका प्रायः सबै महिलाका साथै नयाँ पिढीका सामान्य महिला पनि चिन्तित छन्। बेनी मंगलाघाटकी अमृतदेवी बानियाँ पनि चाडपर्वको नाममा पछिल्लो समय पश्चिमी संस्कार हाबी भएको दाबी गर्छिन्। महिला अधिकारकर्मीसमेत रहेकी बानियाँ भन्छन् 'तीज वर्षभरिको दुःखसुख साटासाट गर्ने पर्व भए पनि अहिले पश्चिमी संस्कारले विकृति ल्याएको छ।'

अर्की महिला अधिकारकर्मी तथा सामाजिक अभियन्ता जमुना आचार्य पनि तीज पर्व मनाउने नाममा महिला दिदीबहिनीको भावनालाई ठेस पुऱ्याउने खालका उच्छृंखल गीतको नियन्त्रण गर्नुपर्ने बताउँछिन्। चाडपर्व, संस्कृति र पहिचानलाई बचाइराख्न नेपालीपनको भावना, आस्था र विश्वासको खाँचो छ,' उनले भनिन्।

परम्परादेखि नेपाली नारीले तीज पर्वलाई रमाइलो गरी मनाउँदै आएकाले यो पर्व नेपाली दिदीबहिनीको लागि महत्त्वपूर्ण मानिन्छ। मालिका-७ देविस्थानकी इन्द्रमती फगामी पनि तीज पर्व महिला दिदीबहिनीका लागि दुःख बिसाउने पर्व भएको बताउँछिन्। उनका अनुसार विगतमाझैँ तीज पर्व मनाउने चलन गाउँघरतिर पनि विस्तारै हराउँदै गइरहेको छ।

फगामी भन्छिन्, 'तीज आउनु एक महिना अघिदेखि गाउँघरतिर एकैठाउँमा जम्मा भएर मादलको तालमा नाचगान गर्ने चलन थियो, आज एउटाको घर त भोलि अर्को घरमा तीजको नाचगान गरेर मनाउथे। अहिले तीजको मौलिकपन हराउँदै गइरहेको छ। तीजमा रमाइलो गरी मनाइने आफ्नै संस्कृति र परम्पराभन्दा टिभीमा आउने गीत र सिरियलप्रति आकर्षित भएका छन्।'

त्यसैगरी डम्मराकी प्रिया कार्की पनि नेपाली नारीहरूको लागि तीज पर्वको महत्त्व रहेको बताउँछिन्। तीज मनाउन महिलाले अरूको देखासिकी, तडकभडकभन्दा संस्कृति बचाउन अघि बढ्नुपर्ने उनको तर्क छ। महिलाले तीज मनाउँदा पश्चिमा संस्कृति छोड्नुपर्ने प्रिया कार्कीको धारणा रहेको छ।

उनी भन्छिन्, 'आजभोलि तीजमा राम्रो देखिन महिला फजुल खर्च गरेर पश्चिमी संस्कृतितिर आकर्षित भइरहेका छन्। विगतमा महिलाले भोग्नुपरेका समस्यालाई गीतको माध्यमबाट भन्ने गर्दथे। पछिल्लो समयमा नेपाली संस्कृतिका कारण नेपाली मौलिकता र पहिचान नै हराउने अवस्थामा पुगेको छ।'

तीजमा विवाहित महिला राता साडी र रातै चुरामा सजिएर आफ्ना श्रीमान्को दीर्घायुको कामना गर्दै त्यस दिन पानीसमेत नखाई ब्रत बस्ने गर्दछन् भने अविवाहित महिला राम्रो श्रीमान् पाउने आशमा यो पर्व मनाउने गरेको धार्मिक विश्वास रहँदै आएको बताउँछिन् ज्यामरुककोट गरफाँटकी अम्बिका शर्मा। उनी भन्छन्, 'आजभोलिका गीतमा हाँसो ठटचौली र रत्तौली खेलेजस्तो लाग्छ। तीजमा महिला आफूलाई अरूको सामु राम्रो देखाउन चाहिनेभन्दा धेरै खर्च गर्ने गर्छन्। तीजलाई संस्कृतिसँग जोड्न अरूको देखासिखी गर्नु हुँदैन।' पवित्राले परम्परादेखि मनाउँदै आइरहेको तीजको अस्तित्व जोगाउन सबैले आफ्नो भाषा, संस्कृति र संस्कारको जगेर्ना गर्न लाग्नुपर्ने उनको भनाइ छ।

### तीजका गीतमा वर्गीय प्रभाव

रातो सारी पहिरिएर सुखदुःखका भाका गाउँदै माइतीको आँगनमा छमछमी नाच्ने पर्वका रूपमा तीजलाई लिइन्छ। आफ्ना साथीसंगीसित नाचगान गर्दै सुखदुःख साटासाट गर्दा महिलाले वर्ष दिनभर भोगेको आफ्नो व्यथा हलुंगो भएको महसुस गर्छन् भन्ने मान्यतासमेत राखिन्छ।

त्यसो त केही वर्षयता तीज मनाउने परम्परागत शैलीमा व्यापक परिवर्तन आएको छ। नाचगान, गीत, पहिरनका क्षेत्रमा आएको परिवर्तनले तीजको मौलिक स्वरूप पूरै हराउने अवस्था देखिएको छ। गायिकासित नारिएर गायक पनि तीज गीत गाउँदै रमाउन थालेका छन् भने परम्परागत लोकलय र वाद्यवादन शैली पनि पूरै विस्थापित हुने हो कि भन्ने खतरा छ।

तीजको साँस्कृतिक पक्षभन्दा बढी व्यापारिक भएर विकृत हुने खतरा बढेको छ। यस्तै तीज नजिकिँदै जाँदा तीज गीत सार्वजनिक हुने क्रम बढेको छ। गाउँदेखि सहरसम्म तीजका नयाँ पुराना भाका घन्किन थालेका छन्। सञ्चारमाध्यम र सोसल मिडियामा झपक्कै गरगहना र महँगा साडी लगाएर पाश्चात्य शैलीका गीतमा नाच्दै रमाइरहेका महिलालाई देख्दा ग्रामीण भेगका वनजंगल र मेलापात गर्नुपर्ने विपन्न महिलालाई हिनताबोधसमेत हुने गरेको पाइन्छ।

धार्मिक आस्था र सामाजिक सद्भाव झल्कनुपर्ने तीज पर्वलाई हुँदा खाने र हुने खाने वर्गको वर्गीय पहिचान हुने चाड बनाइँदै लगिएको म्याग्दीका पुराना गायक तथा राजनीतिककर्मी नेत्रबहादुर महत बताउँछन्। उनी भन्छन्, 'धार्मिक आस्था र पारस्पारिक मिलनको रूपमा लिइनुपर्ने तीज पर्वलाई गहना र फेसन प्रदर्शन गर्दै मासु र मदिरासहित उछृंखल गतिविधि प्रदर्शन गर्ने अवसरका रूपमा लिइयो। यसले संस्कृतिको संरक्षण हुने होइन, नराम्रो विकृति निम्तनुका साथै पर्वको मौलिकता नै हराउँदै जान्छ।'

'तीजमा अरूलाई देखाउनै लागि महँगा साडी, महँगा मोबाइललगायतका चिजहरू किनिन्छन्। हुने र सक्नेले यसलाई वैयक्तिक स्वतन्त्रताको नाम दिन्छन् तर नहुने र देखासिकी गर्ने महिलाका लागि तीज चाड होइन, कहर बन्न पुग्छ,' महत भन्छन् 'उछृंखलता स्वतन्त्रता हुन सक्दैन र सामाजिक र धार्मिक चाडपर्व मनाउने नाममा वर्गीय भिन्नता देखिने सार्वजनिक कार्यक्रमहरू गर्न दिइनु हुँदैन।'

महतका अनुसार कुनै तीज गीत परिवारसँगै बसेर हेर्न र सुन्न नसकिने खालका छन्। उत्ताउलो पहिरन, पश्चिमी शैलीको नृत्य, म्युजिक भिडियोमा गरिने अभिनय त्यति नै अराजक हुँदा तीज गीत नै हो भन्न सकिने अवस्था छैन। यसले तीजको संस्कृतिलाई विकृत बनाइरहेको छ।

### सुनिँदैन विरह, देखिन्छ मनोरञ्जन

*'पैतालुको खाला गयो बिझाउने बाटोले*
*हृदयको खाला गयो बासी आँटोले।'*

बदलिँदो समय, फेरिदो आर्थिक अवस्था र आधुनिक जीवनशैलीप्रति बढ्दो आकर्षणका कारण विरह र वेदना समेटिएका गीतहरू हिजोआज सुनिँदैनन्। तीज पर्व महिलाले वर्षभरि भोग्नुपरेका दुःख, पीडा र व्यथा बाहिर ल्याउने पर्व हो। लोक संस्कृति झल्काउने खालका गीत गाउँथे तर अहिले यस्ता गीतहरू लोप हुने अवस्थामा पुगेको समाजका अगुवा महिला अधिकारकर्मी बताउँछन्। महिलाले सासू-ससुरा र पतिको अन्यायका विरुद्ध आवाज उठाउने संस्कृतिमा रूपमा गाउने भाका अहिले फेसनका रूपमा भित्रिन थालेको छ।

पहिलापहिला तीजका गीतमा दुःख, वेदनाका भाव झल्कन्थे। माइतबाट कोही लिन नआएको, घाँस, दाउरा बोकेर बसेको, माइती लिन आउलान् भन्दै बाटो हेरेकोजस्ता कुरा तीज गीतमा हुन्थे, अहिले संस्कृतिभन्दा मनोरञ्जन र तामसी भावका गीत बढी छन्।

आजभोलि तीजका गीतमा हरिदेवी कोइराला, वीमाकुमारी दुरा, देवी घर्तीलगायत लोकप्रिय र संस्कृतिप्रेमी गायिका सुनिँदैनन्। न लक्ष्मी न्यौपाने, शर्मिला गुरुङलगायतले गाएका साँस्कृतिक गीतहरू नै सुन्न पाइन्छ। अहिले बजार र गाउँघरमासमेत तामसी प्रवृत्तिका गीतहरू बर्गेल्ती सुनिन्छन्। ती गीतमा हुँदैनन् महिलाका वेदना र विरह। मात्र त्यहाँ देखिन्छ, मनोरञ्जन र छाडापना। म्याग्दीका साहित्यकार अजयमिलन श्रेष्ठका अनुसार तीजका गीतमा विरह सुनिँदैन, मनोरञ्जन मात्रै देखिन्छ।

### ओझेल पर्दै धार्मिक पक्ष

तीज पर्व भगवान शिव र पार्वतीसँग जोडेर मनाउने पर्व हो। यस पर्वमा महिलाहरू अघिल्लो दिन दर खाएर भोलिपल्ट अर्थात् हरितालिकाको दिन निराहार पानी पनि नखाई व्रत बसी भगवान शिवको पूजा गर्दछन्। विवाहित महिलाले आफ्नो पतिको दीर्घायुको कामना गर्दै र अविवाहित महिलाले भगवान शिवजस्तो असल, गुणी, राम्रो पति पाऊँ भन्दै व्रत बस्ने प्रचलन रही आएको छ।

हिन्दू धर्म ग्रन्थमा भगवान शिवलाई पति पाउँ भनेर देवी पार्वतीले गरेको व्रतको प्रभावले शिव नै स्वामी पाएको भन्ने धार्मिक जनविश्वास रहँदै आएको छ तर हिजोआज तीज पर्वको धार्मिक पक्ष नै ओझेलमा पर्दै गएको छ। म्याग्दीका पण्डित नीलकण्ठ

> केही वर्षयता तीज मनाउने परम्परागत शैलीमा व्यापक परिवर्तन आएको छ। नाचगान, गीत, पहिरनका क्षेत्रमा आएको परिवर्तनले तीजको मौलिक स्वरूप पूरै हराउने अवस्था देखिएको छ। गायिकासित नारिएर गायक पनि तीज गीत गाउँदै रमाउन थालेका छन् भने परम्परागत लोकलय र वाद्यवादन शैली पनि पूरै विस्थापित हुने हो कि भन्ने खतरा छ। तीजको साँस्कृतिक पक्षभन्दा बढी व्यापारिक भएर विकृत हुने खतरा बढेको छ।

आचार्यका अनुसार तीज व्रत देखाउनैका लागि मात्र बसिएको हो कि जस्तो लाग्न थालेको छ। एक डेढ महिनासम्म 'दरखाने' नाउँमा नानाथरिका परिकारहरू खाने, रमाउने र एकदिन फलफूल र बजारमा पाइने पेय पदार्थ पिएर ब्रत बसें भन्नुको कुनै अर्थ रहँदैन।

नेपाली महिलाले पनि निराहार दिनभरि व्रत बसेर राति पतिलाई टीका लगाई खुट्टाको पानी खाने प्रचलन छ। तर, अहिले संस्कृतिमा खुट्टाको पानी खानु स्वास्थ्यका लागि राम्रो होइन भनेर धरै महिलाले त्यसो गर्न छाडिसकेका छन्। निराहार व्रत बस्ने चलन पनि हट्दै गएको छ। बिरामी, अशक्त मात्र नभई अन्य महिलाले पानी, फलफूल, जुस खाएर व्रत बस्ने गरेका छन्। व्रत बस्दा स्वास्थ्यलाई ध्यान दिएर बस्नु राम्रो हुन्छ, निराहार व्रत बस्नुपर्छ भन्ने कुनै शास्त्रमा उल्लेख नभएको पण्डित आचार्यको भनाइ छ। *रासस*

## पत्र–मञ्जुषा

# तीजलाई भड्किलो नबनाऔं

देशभर यतिखेर तीजको लहर चलेको छ। हिन्दू महिलाहरूले मनाउने यो प्रमुख चाड हो। परम्परादेखि नै नेपाली समाजमा तीज मनाइँदै आएको छ। विगतदेखि वर्तमानसम्म आइपुग्दा हरेक चाडपर्वमा परिवर्तन आएको छ। पहिलेजस्तो रौनक र महत्त्व पनि घट्दै गएको छ। चाडपर्वहरू एकदमै भड्किलो हुँदै गइरहेका छन्। तीमध्ये एक तीज पनि हो।

दुई दशकअघिसम्म चेलीबेटीका लागि तीज भनेपछि के-के न आयो जस्तो हुन्थ्यो। आफ्नो जन्मथलो जानकै लागि पनि छोरीचेली तीजको पर्खाइमा बस्थे। तीज आउनुभन्दा एक दिनअघि दाजुभाइहरू दिदीबहिनी लिन उनीहरूको घर जान्थे। तीजको अघिल्लो दिनमात्र दर खाने चलन थियो। नाच्ने, गाउने र रमाउने त तीजको दिनमात्र हुन्थ्यो। जसले गर्दा तीजको रौनक पनि छुट्टै थियो।

बल्लतल्ल माइती पुगेका चेलीबेटीहरू तीजको दिन आफ्नो वर्षको पीडा, हर्ष पोख्थे। दाजुभाइ, आमाबुवासँग आफ्ना मनका कुराहरू बिसाउँथे। तीज महिलाको चाड भएकाले यसमा पुरुषहरूको सहभागिता रहँदैनथ्यो। तर, अहिले तीजले धेरै विकृति ल्याएको छ। तीज आउनुभन्दा दुई महिना अघिदेखि नै दर खान सुरु गरिन्छ। त्यो पनि घरमा नभई पार्टी प्यालेसमा।

महिलाहरू तीज आउनुभन्दा दुई महिना अघिदेखि नै पार्टी प्यालेसमा नाच्न, गाउन पुगिहाल्छन्। मदिरा सेवन, उत्ताउलो नाँचगान अहिले त प्रचलन बनिसकेको छ। मँहँगा वस्त्र लगाएर, गरगहना भिरेर नाच्न गाउन जानेको संख्या बढेको छ। पुरुषहरू पनि तीजको दर खान पुग्ने गरेका छन्।

यता, जनप्रतिनिधिहरूले समेत भोटका लागि तीजको कार्यक्रम आयोजना गर्न थालेका छन्। अधिकांश नगरपालिका, वडाले निःशुल्क तीजको दर खुवाउने कार्यक्रम राखेको छ, त्यो पनि महँगा पार्टी प्यालेसमा। जनताहरू पनि त्यो रकम कहँबाट आयो ? भनेर सोचविचार नै नगरी भोज खान पुगेका छन्। आज निःशुल्क खुवाउँछ, भोलि हामीलाई नै तिराउँछ भन्ने कुरा बिर्सिएको स्पष्ट बुझिन्छ।

वडाध्यक्ष, नगरप्रमुखहरूले तीजको कार्यक्रममा पैसाको खोलो बगाएका छन्, कारण एउटै हो- भोट। त्यति खान दिइसकेपछि भोट सजिलै पाइन्छ। कसैले आफ्नो पार्टीको विरोध गर्दैन भन्ने सोचाइ राखेर सित्तैमा तीजको भोज खुवाएको हो। यो रकम जनप्रतिनिधिहरूले कतै भ्रष्टाचार गरेर आएको हो कि भन्ने खोजी गनुपर्छ। तीजमा राजनीतिक छिरेको छ। चाडपर्वमा राजनीति छिर्दा त्यसले धेरै असर गर्छ।

तीजको नाममा ठूलठूला आवाजमा गीत बजाउने र अरूलाई डिस्टर्ब गर्ने कार्य बन्द गरिनुपर्छ। यो क्रम पछिल्लो समय ह्वात्तै बढेको छ। आफ्नो स्वार्थका लागि अन्यलाई दुःख दिन त पाइएन नि ! चाडवाडका नाममा विकृति र विसंगति फैलिएको छ।

नेपाली समाजमा तँ ठूलो कि म ठूलो भन्ने प्रवृत्ति अझै पनि यथावत् छ। आफूलाई अरूभन्दा माथि देखाउन यहँ होडबाजी नै चल्ने गरेको छ। देखासिकी यसको प्रमुख कारण हो। चाडपर्व पनि देखासिकी गरेर मनाउन थालिएको छ जसले गर्दा बेथिति बढ्यो। हाम्रो मुलुकमा धेरै जनता मागेर खाइरहेका छन्। उपचार नपाएर सडकमा थलिएका छन्। तर, यसतर्फ कसैको अलिकति पनि ध्यान जाँदैन।

तीजको नाममा जथाभावी खर्च र तडकभडक गर्ने प्रवृत्ति रोक्न आवश्यक छ। तीज पर्वको महत्त्व र गरिमालाई बचाइराख्न यस्ता प्रवृत्तिहरूलाई निरुत्साहित गर्नु आजको टड्कारो आवश्यकता बनेको छ। यसतर्फ सबैको ध्यान जाओस्।

***–रेश्मा पौडेल, चाबहिल***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## एमालेले ...

पृष्ठ १ बाट जारी

आवश्यक निर्णय लिने गुरुङको भनाइ छ । स्थानीय तह निर्वाचनमा आफ्ना उम्मेदवारलाई हराउने भूमिका खेल्नेमाथि गठित छानबिन कार्यदलको प्रतिवेदन पनि बैठकमा प्रस्तुत गर्ने एजेण्डा तय गरिएको छ । पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेलको अध्यक्षमा स्थानीय तह निर्वाचनमा पार्टीलाई अन्तरघात गर्नेलाई कारबाही गर्नका लागि छानबिन समिति गठन गरिएको थियो ।

यस्तै पार्टी सदस्य संख्या दोहोरिएका संगठित सदस्यका सम्बन्धमा विशेष निर्णय गरेर व्यवस्थापन गर्ने एजेण्डासमेत रहेको प्रचार तथा प्रकाशन विभाग प्रमुख गुरुङले जानकारी दिए । एमालेका ५२ हजार ५५० संगठित सदस्यको नामावली दोहोरिएको छ ।

बैठकमा केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय अनुशासन आयोग, लेखा आयोग र निर्वाचन आयोग रहेको प्रतिवेदनसमेत पेस गरिने भएको छ । भारत प्रवास कमिटीलाई व्यवस्थापन गर्नका लागि नियमावली बनाउने निर्णसमेत भएको गुरुङले बताए ।

### धाँधलीका कारण स्थानीय चुनावमा हार्नुपर्‍यो : ओली

यसैबीच एमाले अध्यक्ष ओलीले स्थानीय तहमा धाँधली भएका कारण चुनाव हार्नुपरेको बताएका छन् । बिहीबारको पोलिटब्युरो बैठकलाई सम्बोधन गर्दै उनले सो कुरा बताएको प्रचार विभाग प्रमुख गुरुङले बताए ।

'संख्याको नम्बरले दोस्रो पार्टी भए पनि लोकप्रियताका हिसाबले एमाले पहिलो पार्टी भएकाले आगामी निर्वाचनमा सोही लोकप्रियतासहित जानुपर्दछ भन्ने कुरा अध्यक्ष ओलीले बताउनुभयो,' गुरुङले भने ।

ओलीले राजनीतिक प्रतिवेदनमा उल्लेख भएका राष्ट्रिय राजनीति तथा अन्तर र्राष्ट्रिय परिस्थिति र आगामी आमनिर्वाचनका विषयमा प्रकाश पारेका थिए । बैठकमा १५ जना पोलिटब्युरो सदस्यले ओलीको राजनीतिक प्रतिवेदनमाथि आफ्नो सुझाव प्रस्तुत गरेका थिए ।

एमालेको केन्द्रीय कमिटी बैठक आज बस्दै छ । पार्टी केन्द्रीय कार्यालय च्यासलमा हुने बैठक बिहान ११ बजे सुरु हुने जानकारी दिइएको छ ।

### एकीकृत समाजवादीको निर्वाचन कार्यतालिका सार्वजनिक

यसैबीच नेकपा एकीकृत समाजवादीको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले यही भदौ १० गतेभित्र जिल्ला कमिटीसमक्ष सम्भावित उम्मेदवारको नाम सिफारिस गर्ने भएको छ । जिल्ला कमिटीले भदौ १२ गतेभित्र प्रदेश कमिटीलाई उम्मेदवार सिफारिस गर्ने र प्रदेश कमिटीले भदौ १५ गतेभित्र पार्टीको केन्द्रीय कार्यालयमा नामावली पठाउने कार्यतालिका रहेको तय गरिएको छ । केन्द्रीय कमिटीले भदौ २० गतेभित्र उम्मेदवारको टुंगो लगाउने पार्टी प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए ।

उनले अगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्न समयतालिका तय गरेको बताए । उनले भने, 'संविधानको रक्षा, संसद् पुनःस्थापना, मुलुकमा राजनीतिक स्थिरताका लागि आफ्नो पार्टीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।'

प्रचार विभाग प्रमुख खतिवडाले पार्टीले अहिलेसम्म करिब सात लाख सदस्यता वितरण गरिसकेको जानकारी दिए । पार्टी स्थापनाको एक वर्षका अवधिमा दुई लाखभन्दा बढी व्यक्ति पूर्णकालीन सदस्य तथा पाँच लाख साधारण सदस्य भएको उनले जनाए । पाँच हजार वडा विस्तार गरेको पार्टीले गत वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा २७ प्रतिशत सिटमा उम्मेदवारी दिएको थियो । निर्वाचनमा नौ लाखभन्दा बढी मत प्राप्त भएको पार्टीले जनाएको छ ।

## सालकको खपेटासहित पक्राउ

**काठमाडौं( प्रस)**– संरक्षित वन्यजन्तु सालकको खपेटा (आखेटोपहार) जस्तो देखिने ९ किलोग्राम तौल भएको बस्तु सहित ३ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-७ बस्ने ४९ वर्षीय गोबिन्द सिन्चुरी, काभ्रेपलाञ्चोक महाभारत गाउँपालिका-७ बस्ने २५ वर्षीय बिमान स्याङ्तान र काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-४ बस्ने २६ वर्षीय सुरज भ्रेडीमगर रहेका छन् ।

विशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले ईलाका प्रहरी कार्यालय बनेपा काभ्रेपलाञ्चोक समेतको सहयोगमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-६ अठ्ठाईस किलोबाट उनीहरूलाई उक्त वस्तु सहित पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा बुझाइएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COOPERATIVE ASSOCIATION OF ASSIR POULTRY PRODUCERS

पूर्व स्वीकृति मिति २०७९/०५/०९ | LT. No. 270283 | चलानी नं.६०१८६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labor | 8 | 0 | 1000 | ३३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packaging And Wrapping Labor | 25 | 0 | 1000 | ३३,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १७ गते (2nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सो को एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAN'S WORLD MASSAGE CENTER

पूर्व स्वीकृति मिति : २०७९/०५/०८ | LT. No.270158 | चलानी नं. ६०१८६०९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 3 | 0 | 1200 | ३४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १७ गते (2nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.** श्रम ईजाजत नं. १२५१/०७४/०७५

Shreetole - Basundhara Kathmandu

Tel: +977 -1- 5905101 / 5905102, Mob No. 9801147203/ 9801040620/ 9842482418,

E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np



## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

Free Visa, Free Ticket, Free Service Charge, Free Medical,

फ्रि भिषा, फ्रि टिकट, फ्रि सेवा शुल्क, फ्रि मेडिकल,

**रोजगारदाता कम्पनी: हुटामाकी फुडसर्भिस मलेशिया एसडिएन बिएचडी**

**Name Of Employer): HUHTAMAKI FOODSERVICE MALAYSIA SDN BHD**

पुर्व स्विकृति मिति: २०७९।०५।०९ | चलानी नं. ६०१८६१६१ | LT No. 270205

Pre Approval Date: 25/08/2022 | Reference No: 60186161

| S.N. सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (Male) माग संख्या (पुरुष) | Total No. of Demand (Female) माग संख्या (महिला) | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary NPR मासिक तलब ने.रू. | Overtime Facility ओभर टाईम सुविधा | Working Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Factory Worker औधोगिक कामदार | 90 ९० | 0 0 | Proficient in reading /writing / speaking / understanding English अंग्रेजि पढन/लेख्न/ बोल्न र बुझ्न सक्ने (दक्ष) | 1500 १५०० | 42570 ४२५७० | As per Company rules क.नि. अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि. अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical expenses born by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal life Insurance borne by whom & how much does it cost स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कतिलाग्ने | Insurance Facility on Employment Yes/No and Who will borne the premium cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will borne by whom and how much does it cost कामदारलाई हवाइटिकट कस्ले दिने र कति लाग्ने | Visa fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientation cost will be borne by and how much अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारीकोष सम्बन्धी व्यवस्था | Rate of Service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer Age 18-35=3708/- Age 36-50=4931/- Age 51-64=9463/- रोजगारदाताले व्यहोर्ने उमेर १८-३५=३७०८/- उमेर ३६-५०=४९३१/- उमेर ५१-६४=९४६३/- | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer छ रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NPR.700/- By Employer ने.रु ७००/- रोजगारदाताले व्यहोर्ने | NPR.1500/- By Employer ने.रु १५००/- रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

**HUHTAMAKI FOODSERVICE MALAYSIA SDN BHD does not impose any Recruitment/Placement Fee for this Employment.**

**हुटामाकी फुडसर्भिस मलेशिया एसडिएन बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।**

**Note नोट**:

- **Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this Employment.** **आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौ । आवेदक (परिवारको सदस्य आफन्त साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।**

**Final interview will be conducted on 2 September 2022 in office premises.**

**अन्तिम अन्तर्वार्ता मिति २०७९ भाद्र १७ गते कार्यालय परिसरमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी **(Information provided by the Department of Foreign employment)** :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । **1. Confirm that Visa is issued under your name .** २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं:हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । **2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble.** ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । **3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement.** ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । **4. Before going to the abroad you must compulsorily take orientation and induction trainings.** ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । **5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy.** ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । **6. While going abroad you must use International Airport of our country, or else you might be deceived.** ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । **7. If you want to know more about this advertisement do contact Department of Foreign Employment, Buddhanagar.**

वैदेशिक रोजगारीको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नुभएमा हामीलाई इमेल **talentoverseas2021@gmail.com** मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझावपेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।

**Any grievance regarding our services on foreign employment process (Registration, selection, flight etc), please let us know emailing us at talentoverseas2021@gmail.com or can be register complaint directly or indirectly by dropping in our suggestion box. We are committed to keep identity anonymous and handle your concerns as soonest possible**

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

**Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-5915744**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEALTH SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०९ | LT. No. 268759 | चलानी नं. ६०१८५२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १७ गते (2nd Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.** श्रम ईजाजत नं ९५७/०६७/०६८

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THAI MENS HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति २०७९/०५/०९ | LT. No. :270352 | चलानी नं.६०१८६१०१

